# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्या :२७

अध्यक्षता : नगर प्रमुख हरिकुमार राना

मिति : २०७८/०२/१९

उपस्थिति :

| दर्जा | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष, वडा नं.१ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष, वडा नं.२ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष, वडा नं.३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष, वडा नं.४ | श्री दुर्गा प्रसाद दाहाल | |
| वडा अध्यक्ष, वडा नं.५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष, वडा नं.६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष, वडा नं.७ | श्री नवराम ढुंगाना | |
| वडा अध्यक्ष, वडा नं.८ | श्री गोपीचन्द्र गौतम | |
| वडा अध्यक्ष, वडा नं.९ | श्री पुष्प कुमार प्रसाई | |
| वडा अध्यक्ष, वडा नं.१० | श्री बलदेव सिंह गोम्देन | |
| वडा अध्यक्ष, वडा नं.११ | श्री भैरवबहादुर खड्का | |
| कार्यापालिका सदस्य | श्री खिनमान दास | |
| कार्यापालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यापालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यापालिका सदस्य | श्री रमेश कुमार दर्जी | |
| कार्यापालिका सदस्य | श्री सकुन्तला बराल | |
| कार्यापालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यापालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यापालिका सदस्य | श्री लक्ष्मी ताभाङ्ग | |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | |
| अधिकृत | श्री चूडामणि निरौला | |
| ईन्जिनियर | श्री निरज अधिकारी | |
| सि.अ.ई.व. (अधिकृत) | श्री मुकुन्द बस्तोल | |

## मिति २०७८/०२/१९ गतेको अर्जुनधारा नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८ जेष्ठ १९ गते बुधवार बसेको अर्जुनधारा नगर कार्यपालिकाको २७-०७७/७८ को बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो

१. मिति २०७८ साल जेष्ठ ४ गतेको कार्पालिकाको बैठकको निर्णयहरु सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

२. सी.सी.एम.सी. को मिति २०७८/०२/१८ गतेको बैठकबाट निर्णय भई अनुमोदनका लागि कार्यपालिका समक्ष सिफारिसका बूँदाहरुका सम्बन्धमा आवश्यक छलफल गरी पैदल यात्रीहरुको आवगमनमा नियन्त्रण र कडाई गर्ने सम्वन्धमा भएको सिफारिस बाहेकका अन्य सिफारिसहरु अनुमोदन गर्ने निर्णय गरियो ।

३. कोभिड १९ नियन्त्रण,रोकथाम तथा प्रतिकार्यमा अग्रपंङ्तिमा खटिने स्वास्थ्यकर्मी ,सफाईकर्मी, सुरक्षाकर्मी ,चालक तथा अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सन्दर्भमा संघ तथा प्रदेबाट प्रोत्साहन भत्ता प्राप्त भएमा सोहि बमोजिम हुने साथै संघ तथा प्रदेशबाट त्यस्तो कुनै पनि किसिमको प्रोत्साहन भत्ता प्राप्त नहुने स्थिति भएमा संघ तथा प्रदेशले तोकेको मापदण्डका आधारमा बढिमा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता (RRT Team को सिफारिसमा ) उपलब्ध गराउने निर्णय गरियो। (आर्थिक प्रशासन/स्वास्थ्य शाखा )

४. कोभिड १९ नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा अग्रपंङ्तिमा खटिने स्वास्थ्यकर्मी, सफाईकर्मी, सुरक्षाकर्मी ,चालक तथा अन्य कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई कोभीड संक्रमण भई उपचार गर्नु पर्ने भएमा अर्जुनधारा नगरपालिकाद्वारा वडा नं ४ को स्वास्थ्य चौकीमा संचालित आईसोलेसन सेन्टरमा राखि स्वास्थ्य सेवा उपलब्ध गराउने साथै थप उपचार गराउनु पर्ने भएमा संघ तथा प्रदेशले तोकेको मापदण्डका आधारमा उपचार खर्चको व्यवस्था गर्ने निर्णय गरियो । (स्वास्थ्य/आर्थिक प्रशासन शाखा )

५. आ.व.२०७८/०७९ को बजेट निर्माण प्रस्तुतीकरणका लागि नवौं नगरसभा संचालन गर्ने सम्बन्धमा हालको विषम परिस्थिति सहज हुँदै जाने अवस्था देखिएमा २०७८ साल आषाढ १० गते नवौ नगरसभामा बजेट पेश गर्ने निर्णय गरियो । (प्रशासन/योजना शाखा)

६. निषेधाज्ञाको कारण नगर क्षेत्रभित्र रहेका विकास निर्माणका आयोजना संचालनमा ,हालको मांहामारीका कारण केही सुस्तता देखिएकोले संघ र प्रदेशबाट प्राप्त रकम फ्रिज हुन नदिन साथै समयमानै कार्य सम्पन्न गर्न तीव्रताकासाथ योजनाहरु संचालन गर्ने गराउने निर्णय गरियो । (योजना /प्रविधिक शाखा)

७. नाला निर्माण शीर्षकमा अर्जुनधारा वडा नं. ११ का लागि रकम विनियोजन गर्ने क्रममा (रु पाँचलाख) भूलवस अर्जुनधारा ०६ हुन गई अन्यथा भएकोमा ११ नं वडा कार्यालयको माग निवेदन अनुसार शीषकान्तर भई वडा नं ०६ मा कायम हुन गएको उक्त रकमलाई वडा नं ११ मा नै कायम गरी उक्त रकम मध्येबाट रु दुईलाख पचासहजार अ.न.पा. ११ को नाला निर्माण उपभोक्ता समितिका नामामा निकाशा दिने व्यवस्था मिलाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। (योजना शाखा/आर्थिक प्रशासन शाखा)

२५/१०२१

नगर प्रमुख

८. अ.न.पा. २ को चलानी नं १२३७ मिति २०७८/०२/०९ को वडा समितिको निर्णय सहितको पस पत्रानुससार आ.व. ०७७/०७८ मा उक्त वडाको आर्थिक सहयोग शीर्षकमा विनियोजित रु ५००००/ र यूवा तथा खेलकूद शीर्षकमा विनियोजन भएको रकम मध्येबाट रु ५००००/ गरी जम्मा रु १०००००/-( एक लाख) कार्यालय संचालन शीर्षककमा रकमान्तर गर्न माग भई आएकोमा माग अनुसारको रकम रकमान्तर गर्ने निर्णय गरियो ।(योजजना /आर्थिक प्रशासन शाखा)

९। वडा नं ३ को लागि आ.व. ०७७/०७८ को कार्यक्रमगत बजेट विनियोजन गर्ने क्रममा खर्च शीर्षक नं ३११७१ बाट कुशेहोली कल्भर्ट, पगलाखोला कल्भर्ट, र ह्यूमपाईप व्यवस्थापन शीर्षकमा रु १००००००/-दश लाख विनियोजन भएकोमा उक्त रकमको शीर्षक परिवर्तन गरि विपद व्यबस्थापन तथा मर्मत संभार शीर्षकमा रकमान्तर गर्ने साथै खर्च शीर्षक ३११७१ को कुशेहोली कल्भर्ट र ह्यूमपाईप व्यवस्थापन शीर्षकलाई खर्च शीर्षक नं ३११५१को रेन्बो चोकमा अधुरो कल्भर्ट निर्माण,पगलाखोलाभित्ति गाउँ जाने बाटो कल्भर्ट शीर्षकमा शीर्षक मिलान गरि शीर्षक एकिकृत गर्ने निर्णय गरियो ।(योजना शाखा )

१०. अर्जुनधारा नगरपालिका वडा नं ०६ मा बसोवास गर्ने श्रीमती लिलाकुमारी खनालले मिति २०७७/१२/१९ गते आवास निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराई पाउँ भनि माग निवेदन पेश गरेकोमा निवेदकको माग निवेदन अनुसार तराई मधेश सम्बृद्दी कार्यक्रम शीर्षकबाट यस अधि ठेक्का प्रक्रियाबाट घटाघट भई कायम भएको रकममा नबढ्ने उपभोक्ता समिति मार्फत गरी लागत सहभागिताको रकम भने उपभोक्ता समितिबाट नब्यहोर्ने गरी कार्न्वयन गर्न गराउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(योजना /आर्थिक प्रशासन शाखा )

११. वडा नं ४ को दहीझोडा स्थित सुकुम्बासी टोलमा तटबन्ध निर्माण गर्नका लागि प्रविधिक ल.ई. बमोजिम आगामी आर्थिक वर्षमा वडाबाट ३० प्रतिशत र नगर विपद् व्यबस्थापन शीर्षकबाट २० प्रतिशत रकम व्यहोर्ने गरी बाँकी सम्बन्धित पक्षबाट ल.ई बमोजिम आगामी आ.व.को विपद् कोषबबाट रु दश लाख (वडाबाट रु छ लाख ) उपलब्ध गराउने र बाँकी रकम उपभोक्ताले व्यहोरी खोला संरक्षण कार्य सम्पन्न गर्न बढीमा रु १० लाख सम्म रकम मात्र भूक्तानी दिने निर्णय गरियो ।(योजान/आर्थिक प्रशासन शाखा )

२९/०२/२०७८

हरी कुमार शर्मा नगर
नगर प्रमुख